लुम्बिनी प्रदेश सरकार
युवा तथा खेलकुद मन्त्रालय
# प्रदेश खेलकुद परिषद्, लुम्बिनी
PROVINCE SPORTS COUNCIL, LUMBINI NEPAL
राप्ती उपत्यका (देउखुरी), नेपाल

पत्र संख्या :०८२/८३
च. नं.: ८५

मितिः २०८२/११/२९

श्री कार्यालय प्रमुख ज्यू,
जिल्ला खेलकुद विकास समिति (सबै)।

**विषयः टिम सहभागी गराइदिने सम्बन्धमा।**

प्रस्तुत विषयमा प्रदेश खेलकुद परिषद् लुम्बिनीको आयोजनामा **प्रदेशस्तरीय कबड्डी प्रतियोगिता-२०८२** तपसिल बमोजिम सञ्चालन गरिने भएको हुँदा सम्बन्धित जिल्लाको कबड्डी संघको सहकार्यमा खेलाडी छनौट गरी उक्त प्रतियोगितामा टिम सहभागी गराउनुहुन निर्देशानुसार अनुरोध छ। प्रतियोगिता सँग सम्बन्धी नियम र खेलाडी दर्ता फाराम यसै पत्र साथ संलग्न गरी पठाईएको छ।

**तपसिलः**
प्रतियोगिता सञ्चालन मितिः २०८२ चैत्र ८ देखि १० गते सम्म।
स्थानः दाङ।
टिम दर्ता गर्ने अन्तिम मितिः २०८२ चैत्र ६ गते दिनको १२ बजे सम्म।
पुनश्चः निर्धारित समयमा दर्ता नभएको जिल्लालाई प्रतियोगितामा सहभागी गराईने छैन।

**थप जानकारीका लागि सम्पर्कः**

१. अमृत के.सी.- ९८६९९७०२९१
२. सुरेन्द्र चौधरी - ९८०९८७७१२३

**बोधार्थः**
श्री लुम्बिनी प्रदेश कबड्डी संघ।
श्री जिल्ला कबड्डी संघ (सबै)।

अमृत के.सी.
प्रशासन प्रमुख

Email-lumbinisportscouncil@gmail.com, <pscl@lumbini.gov.np>,Phone No: 082-590759
"स्वास्थ्यका लागि खेलकुद, राष्ट्रका लागि खेलकुद"

लुम्बिनी प्रदेश सरकार
युवा तथा खेलकुद मन्त्रालय
# प्रदेश खेलकुद परिषद् लुम्बिनी
PROVINCE SPORTS COUNCIL, LUMBINI NEPAL
राप्ती उपत्यका (देउखुरी), नेपाल

पत्र संख्या : ०८२/८३
च. नं. :

मिति: २०८२/११/२९

## प्रदेशस्तरीय कबड्डी प्रतियोगिता (महिला, पुरुष)-२०८२

<u>प्रतियोगितासँग सम्बन्धित नियमहरु</u>

१. खेल कबड्डी बिधाको अन्तराष्ट्रिय महासंघको नियम अनुसार खेलाइनेछ।
२. जिल्लाबाट छनौट भएका खेलाडीहरु जिल्ला खेलकुद बिकास समिति मार्फत आउनुपर्नेछ।
३. खेल नकआउटको आधारमा खेलाइनेछ।
४. पुरुष र महिला टिमको १/१ जना टिम प्रशिक्षक हुनेछन्।
५. खेल दाङमा हुनेछ।
६. प्रतियोगितामा सहभागि खेलाडी र टिम प्रशिक्षकले दर्ता फाराममा हालसालै खिचेको फोटो टाँस गर्नुपर्नेछ।
७. खेलाडी दर्ता फाराम नबुझाउने खेलाडीले प्रतियोगितामा सहभागि हुन पाउने छैन।
८. केही कुरामा विवाद भएमा प्रदेश खेलकुद परिषद् लुम्बिनीको निर्णय अन्तिम हुनेछ।
९. प्रोटेष्ट गर्न चाहेमा प्रोटेष्ट दस्तुर रु· ५५०० तिरेर खेल समाप्त भएको १५ मिनेटभित्र निबेदन दर्ता गर्न सकिनेछ।छानबिन पश्चात दोषी ठहरिए पराजित खेलाडीलाइ बिजेता घोषणा गरिनेछ। तर उजुरी गलत सावित भएमा प्रोटेष्ट दस्तुर फिर्ता हुने छैन।
१०. सहभागी टिमबाट खेल्ने खेलाडी सम्बन्धित जिल्लाको हुनुपर्नेछ नत्र सम्पूर्ण सुबिधाबाट बञ्चित हुनेछ।
११. बिजेता खेलाडीहरुलाइ मेडल र प्रमाणपत्र दिइनेछ। प्रथम द्वितिय र तृतिय हुने जिल्लालाई ट्रफी सहित नगद पुरस्कार निम्नानुसार उपलब्ध गराइनेछ।
    प्रथम पुरस्कार रु. ८० हजार।
    द्वितिय पुरस्कार रु. ५० हजार।
    तृतिय पुरस्कार रु. ३० हजार।
    वेस्ट प्लेयर रु.१० हजार।
    वेस्ट रेडर र वेस्ट डिफेन्डर रु. ५/५ हजार।
१२. प्रतियोगिताको उदघाटन समारोह मिति २०८२/१२/८ गते दिउसो २ बजे खेल स्थलमा हुनेछ।तर खेल सञ्चालन बिहान ७ बजे देखी हुनेछ।
१३. खेलाडीले आफ्नो नागरिकता वा ठेगाना खुल्ने सरकारी कागजातको सक्कल र प्रतिलिपि अनिबार्य ल्याउनुपर्नेछ अन्यथा खेलमा सहभागी गराइने छैन।

Email-lumbinisportscouncil@gmail.com, <pscl@lumbini.gov.np>, Phone No: 082-590759

"स्वास्थ्यका लागि खेलकुद, राष्ट्रका लागि खेलकुद"

पत्र संख्या : ०८२/८३
च. नं. :

१४. खेलाडी र टिम प्रशिक्षकलाइ खाना तथा आवास वापत प्रतिदिन रु १२०० को दरले खेलबाट बाहिरिएको दिनसम्मको भत्ता उपलब्ध गराइनेछ।

१५. खेलाडी प्रशिक्षक र रेफ्रीलाइ द डे बिफोरको पचास प्रतिशत रकम उपलब्ध गराइनेछ।

१६. प्रतियोगिता सञ्चालन हुने जिल्ला वाहेक अन्य जिल्लाका खेलाडी, टिम प्रशिक्षक र रेफ्रीलाइ प्रचलित भाडादरमा आतेजाते यातायात खर्च उपलब्ध गराइनेछ।

१७. २६ जना नबढ्ने गरी रेफ्री कोटा निर्धारण गरिएको छ।

१८. आफ्नो जिल्लाका खेलाडीहरुको खेल हुँदा सोही जिल्लाको रेफ्रीले रेफ्री गर्न पाइने छैन्।

१९. रेफ्रीलाइ प्रति दिन खाना तथा आवास वापत दिनको रु. १२०० को दरले र यसको अतिरिक्त रेफ्री गरे वापत अन्तराष्ट्रिय रेफ्रीलाइ प्रतिदिन रु. १००० र राष्ट्रिय रेफ्रीलाइ प्रतिदिन रु. ७०० का दरले १५ प्रतिशत कर कट्टी गरी भत्ता उपलब्ध गराइनेछ। रेफ्री लाइसेन्स पेश नगर्ने रेफ्रीलाइ सम्पूर्ण सुबिधाबाट बञ्चित गरिनेछ।

२०. टाइ शिट ड्र चैत्र ७ गते बेलुकी ५ बजे सम्पूर्ण टिम प्रशिक्षक र टिम क्याप्टेनहरुको उपस्थितिमा खेल स्थलमा गरिनेछ।

.................
अमृत के.सी.
प्रशासन प्रमुख

प्रशासन प्रमुख

# प्रदेश खेलकुद परिषद् लुम्बिनी

कबड्डी प्रतियोगिता-२०८२

## <u>खेलाडी दर्ता फाराम</u>

| फोटो<br>पासपोट<br>साइज |
|---|

खेलाडीको नाम, थर (देवनागरीमा):................................................................

खेलाडीको नाम थर (अंग्रेजीमा):...................................................................

स्थायी ठेगाना:...................................................................

अस्थायी ठेगाना:...................................................................

जन्म मिति: .........................नागरिकता नं:................... शैक्षिक योग्यता:............

तौल:............. उचाइ:..................

अध्ययनरत स्कूल/कलेजको नाम:.....................................................................

खेलाडीको सम्पर्क नं:..................................

बुवाको नाम थर:......................................आमाको नाम थर...........................................

बुवाको सम्पर्क नं:.....................................आमाको सम्पर्क नं.........................................

प्रशिक्षकको नाम:.......................................प्रशिक्षकको सम्पर्क नं:...................................

**हाल सम्म सहभागी प्रतियोगिताको नाम:**

१.

२.

३.

हाल सम्मको उच्चतम उपलब्धिहरु:

१.

२.

३.

माथि उल्लेखित ब्यहोरा ठिक साँचो हो, झुठ्ठा ठहर भएमा सहुँला बुझाउँला।

खेलाडीको हस्ताक्षर:

| | |
|---|---|
| प्रमाणित गर्ने: | प्रमाणित गर्ने: |
| जि.खे.वि.स. अधिकारी | प्रदेश खेलकुद परिषद अधिकारी |
| नाम थर: | नाम थर: |
| पद: | पद: |
| मिति: | मिति: |
| हस्ताक्षर: | हस्ताक्षर: |
| कार्यालयको छाप: | कार्यालयको छाप: |
| | दर्ता नं: |